सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



♦ वर्ष ९ ♦ अंक २६२ ♦ २०८३ साल जेष्ठ २३ शनिवार ♦ 6 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


## विश्व वातावरण दिवसमा महोत्तरीमा विविध कार्यक्रम



**खबर दर्पण समाचारदाता**
**जेष्ठ २२ गते, बर्दिवास**

महोत्तरीमा विश्व वातावरण दिवस विविध जनचेतनामूलक कार्यक्रमका साथ मनाइएको छ। दिवसका अवसरमा डिभिजन वन कार्यालय महोत्तरीले वृक्षरोपण तथा सरसफाइ कार्यक्रम सञ्चालन गरेको छ भने स्वास्थ्य निर्देशनालय मधेश प्रदेश र स्वास्थ्य कार्यालय महोत्तरीले प्रभातफेरी आयोजना गरेका छन्।

कार्यक्रममार्फत वातावरण संरक्षण, स्वच्छता प्रवर्द्धन तथा जलवायु परिवर्तनप्रति जनचेतना अभिवृद्धि गर्ने सन्देश प्रवाह गरिएको छ।

डिभिजन वन कार्यालय जलेश्वरको आयोजनामा जलेश्वर नगरपालिका-९, प्रकौलीस्थित श्री जानकी परीक्षण माध्यमिक विद्यालय परिसरमा वृक्षरोपण तथा सरसफाइ कार्यक्रम सम्पन्न भएको छ।

डिभिजन वन अधिकृत अजयकुमार मिश्रको नेतृत्वमा सम्पन्न कार्यक्रममा प्रकौलीस्थित गोरखनाथ गण, जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक तथा विद्यार्थीहरूको सहभागिता रहेको थियो। गोरखनाथ गण प्रकौलीका नेपाली सेनाको टोलीले पनि कार्यक्रममा सक्रिय सहभागिता जनाएको थियो।

कार्यक्रममा सहभागीहरूले वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि वृक्षरोपणको महत्वबारे चर्चा गरेका थिए। सो अवसरमा विद्यालय परिसरमा विभिन्न प्रजातिका बिरुवा रोपिएका छन्।

यसैगरी, स्वास्थ्य निर्देशनालय मधेश प्रदेश, सपही (धनुषा) र स्वास्थ्य कार्यालय महोत्तरीको संयुक्त आयोजनामा जलेश्वरमा प्रभात-फेरी कार्यक्रम सम्पन्न भएको छ। 'स्वच्छ वातावरण, स्वस्थ जीवन' भन्ने मूल सन्देशसहित आयोजित प्रभातफेरीमा स्वास्थ्यकर्मी, कर्मचारी तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। प्रभात-फेरीको नेतृत्व स्वास्थ्य निर्देशनालय मधेश प्रदेशका निर्देशक सरोजचन्द्र न्यौपानेले गर्नुभएको थियो।

दिवसका अवसरमा आयोजित कार्यक्रमहरूले वातावरण संरक्षण, स्वच्छता प्रवर्द्धन तथा जलवायु परिवर्तनप्रति जनचेतना विस्तार गर्न महत्पूर्ण योगदान पुगेको सहभागीहरूले बताएका छन्।

त्यसैगरी, विश्व वातावरण दिवस २०८३ का अवसरमा बर्दिवास नगरपालिका-१ स्थित रातु ठाकुर मोक्षधाम परिसरमा पनि वृक्षरोपण कार्यक्रम सम्पन्न गरिएको छ।

## जनकपुरधाममा धार्मिक पर्यटकीय गन्तव्य बनाउन सरकार दृढ : मुख्यमन्त्री यादव

**खबर दर्पण समाचारदाता**
**जेठ २२ गते, जनकपुरधाम**



मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले जनकपुरधामलाई प्रदेशको मात्र होइन देशको प्रमुख धार्मिक गन्तव्य रुपमा विकास गर्ने प्रयास भइरहेको बताउनुभएको छ ।

जनकपुरधामस्थित चारे तारे होटल पौवाको १९औँ शाखा उद्घाटन तथा सोही होटेलद्वारा आयोजित बृहत् खाना प्रदर्शनी २०८३ को उद्घाटन गर्दै उहाँले भारतको उत्तर प्रदेशमा रहेको राम जन्मभूमिमा भगवान् श्रीरामको दर्शनका लागि वार्षिक रुपमा आउने ५० करोड पर्यटकमध्ये ५ प्रतिशत पर्यटक जानकी जन्मभूमिमा आए यस क्षेत्रको पर्यटन विकासमा कायापलट हुने बताउनुभयो ।

मुख्यमन्त्री यादवले बुद्ध एअरले चाँडै जनकपुरधाम-अयोध्या, अयोध्या-जनकपुरधाम सिधा हवाई सेवा उडानका विषयमा तयारी गरेको र सेवा शुरु भएपछि जनकपुरधाममा आउने भारतीय पर्यटकको सङ्ख्यामा उल्लेख्य रुपमा वृद्धि हुने बताउनुभयो ।

मुख्यमन्त्री यादवले संघीय सरकारले प्रस्तुत गरेको बजेटमा मधेश प्रदेशलाई अपेक्षाअनुरूप सम्बोधन नगरिएको गुनासो व्यक्त गर्नुभयो ।

मुख्यमन्त्री यादवले केही समयअघि प्रधानमन्त्रीसँग भएको भेटवार्ताका क्रममा मधेशलाई विशेष प्राथमिकताका साथ सम्बोधन गर्ने आश्वासन प्राप्त भएको भए पनि बजेटमा त्यसको प्रतिफल नदेखिएको उल्लेख गर्नुभयो।

उहाँले मधेश प्रदेश तथा जनकपुरधामलाई विशेष प्राथमिकतामा राखेर बजेट विनियोजन हुने अपेक्षा गरिएको भए पनि बजेटले त्यसलाई समेट्न नसकेको धारणा व्यक्त गर्नुभयो।

मुख्यमन्त्री यादवले धार्मिक पर्यटनको प्रचुर सम्भावना हुँदाहुँदै पनि जनकपुरधामले अपेक्षित प्राथमिकता प्राप्त गर्न नसकेको बताउनुभयो। अयोध्यामा हरेक वर्ष करोडौँ श्रद्धालु पुग्ने गरेको उल्लेख गर्दै उहाँले माता सीताको जन्मस्थली जनकपुरधामलाई अन्तर्राष्ट्रिय धार्मिक पर्यटन केन्द्रका रूपमा विकास गर्न संघीय सरकारबाट पर्याप्त ध्यान र लगानी आवश्यक रहेको बताउनुभयो।

उहाँले जनकपुरधामलाई 'म्यारिज डेस्टिनेसन'का रूपमा विकास गर्ने विषय चर्चामा रहे पनि संघीय बजेटले त्यसलाई समुचित रूपमा सम्बोधन गर्न नसकेको उल्लेख गर्नुभयो। यद्यपि, उक्त अवधारणालाई साकार पार्न प्रदेश सरकार र निजी क्षेत्रबीच सहकार्य गरी अघि बढिने उहाँको भनाइ थियो।

मधेश प्रदेशमा तारे होटलहरूको सङ्ख्या बढ्दै गएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले यसले पर्यटन क्षेत्रको सम्भावना थप विस्तार गरेको बताउनुभयो। आवश्यक सहयोग र लगानी उपलब्ध भए जनकपुरधामलाई धार्मिक तथा वैवाहिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा स्थापित गर्न सकिने उहाँले विश्वास व्यक्त गर्नुभयो।

संघीय बजेटले अपेक्षा पूरा गर्न नसकेको भए पनि प्रदेश सरकार पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास तथा लगानी अभिवृद्धिका क्षेत्रमा आफ्नै पहलमा कार्यक्रम सञ्चालन गर्दै अघि बढ्ने प्रतिबद्धता मुख्यमन्त्री यादवले व्यक्त गर्नुभयो।

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले जनकपुरधाममा शुरु भएको चार तारे होटल पौवाले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा ठूलो मद्दत पुग्ने विश्वास व्यक्त गर्दै होटल पौवाले मिथिला कला, संस्कृति, संस्कार तथा परिकारको प्रवर्द्धनमा ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।


होटल पौवा सञ्चालक समितिका अध्यक्ष दुर्गा भण्डारीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा होटल पौवाका उपाध्यक्ष ध्रुवराज न्यौपानेले होटल पौवाले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

बृहत् खानाको प्रदर्शनी पर्सिसम्म चल्नेछ ।


# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# प्रादेशिक अस्पताल जलेश्वर सुधारका लागि युवाको १५ बुँदे ज्ञापनपत्र



**खबर दर्पण समाचारदाता**

**जेष्ठ २२ गते, बर्दिवास**

प्रादेशिक अस्पताल जलेश्वरको सेवा प्रवाह, पूर्वाधार तथा जनशक्ति अभावप्रति सरकारको ध्यानाकर्षण गराउँदै स्थानीय युवाहरूले संगठित रूपमा सुधार अभियान सुरु गरेका छन्। अस्पताललाई प्रभावकारी क्षेत्रीय स्वास्थ्य केन्द्रका रूपमा विकास गर्नुपर्ने मागसहित उनीहरूले मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रीलाई १५ बुँदे ज्ञापनपत्र बुझाएका छन्।

आकाश कुमार साहको नेतृत्वमा मन्त्रालय पुगेको युवा टोलीले अस्पतालको समग्र सुधार का लागि दीर्घकालीन तथा तत्कालीन योजनाहरू अघि बढाउन आग्रह गरेको हो। टोलीमा जलेश्वर नगरपालिका-२ का वडाध्यक्ष, रास्वपा जलेश्वर नगर सभापति अजय चौधरी, नेविसंघका केन्द्रीय सदस्य आशुतोष झा, विजय राय तथा युवा अभियन्ता बादल साहलगायतको सहभागिता रहेको थियो।

ज्ञापनपत्रमा अस्पतालमा नर्सिङ कलेज सञ्चालन, १०० शय्याको स्थायी स्वीकृति, अधुरो भवन निर्माण सम्पन्न गर्ने, चिकित्सक तथा नर्सका लागि आवास सुविधा, अक्सिजन प्लान्ट सञ्चालन, एम्बुलेन्स तथा शववाहनको व्यवस्था, फोहोर व्यवस्थापन सुधार तथा निःशुल्क औषधिको नियमित आपूर्ति सुनिश्चित गर्नेलगायतका विषय समेटिएका छन्।

युवाहरूले प्रादेशिक अस्पताल जलेश्वर महोत्तरी मात्र नभई आसपासका जिल्लाका हजारौं नागरिकको उपचार केन्द्र भए पनि आवश्यक स्रोत-साधन र जनशक्तिको अभावका कारण प्रभावकारी सेवा दिन नसकेको बताएका छन्। उनीहरूले स्वास्थ्य सेवाको सुधारका लागि नागरिक तहबाट निरन्तर खबरदारी र सहकार्य जारी राख्ने प्रतिबद्धता समेत व्यक्त गरेका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रीले ज्ञापनपत्रमा उठाइएका विषयहरू अध्ययन गरी सम्भव मागहरू आगामी नीति तथा बजेटमा समावेश गर्न पहल गर्ने आश्वासन दिएको टोलीले जनाएको छ।

स्थानीय स्तरमा स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि युवाहरूको सक्रियताले जलेश्वरमा यस अभियानलाई सकारात्मक नागरिक हस्तक्षेपका रूपमा लिइएको छ।

# गौशालामा कम भोल्टेज र ट्रान्सफर्मर अभावविरुद्ध किसानको ज्ञापनपत्र

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २२ गते, बर्दिवास**

कम भोल्टेज, सिँचाइ ट्रान्सफर्मरको अभाव तथा विद्युत् आपूर्तिमा देखिएका समस्याका कारण किसानहरू प्रभावित भएको भन्दै महोत्तरीको गौशालास्थित नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रमा स्थानीय सेवाग्राही तथा किसानहरूले ज्ञापनपत्र बुझाएका छन्।

शुक्रबार बिहान स्थानीय सेवाग्राहीहरूको एक समूहले वितरण केन्द्रका प्रमुख उपप्रबन्धक उमेशप्रसाद यादवलाई ज्ञापनपत्र बुझाउँदै कृषि प्रयोजनका लागि आवश्यक विद्युत् सेवा सहज बनाउन माग गरेका हुन्। ज्ञापनपत्रमा कम भोल्टेज र ट्रान्सफर्मर अभावका कारण किसानहरू खेतमा सिँचाइ गर्नबाट वञ्चित हुनुपरेको उल्लेख गरिएको छ।

किसानहरूले खेतमा जडान गरिएका स्यालो ट्युबवेल तथा बोरिङहरू पर्याप्त भोल्टेज नपाउँदा सञ्चालनमा समस्या भइरहेको जनाएका छन्। जडान गरिएका ट्रान्सफर्मरहरू समेत पर्याप्त सुरक्षाको अभावमा चोरी हुने क्रम बढ्दै गएको भन्दै त्यसतर्फ पनि आवश्यक ध्यान दिन आग्रह गरिएको छ।

कृषि उत्पादनको मुख्य समयमा विद्युत् आपूर्तिसम्बन्धी समस्या समाधान हुन नसक्दा किसानहरू मर्कामा परेको उल्लेख गर्दै ज्ञापनपत्रमार्फत कम भोल्टेजको समस्या समाधान, आवश्यक स्थानमा सिँचाइ ट्रान्सफर्मर जडान तथा विद्युत् पूर्वाधार सुदृढीकरणका लागि पहल गर्न माग गरिएको छ।

ज्ञापनपत्र बुझ्दै वितरण केन्द्र प्रमुख यादवले विद्युत् सेवाप्रति सेवाग्राहीका गुनासा र मागप्रति प्राधिकरण गम्भीर रहेको बताउनुभयो। मागको चाप उच्च रहेकाले उपलब्ध स्रोत-साधन र प्राथमिकताका आधारमा समस्याहरू क्रमिक रूपमा समाधान गरिने उहाँको भनाइ थियो।

यसैबीच, महोत्तरीको सम्सी गाउँपालिका-२ स्थित सम्सी-गौशाला सडकखण्डअन्तर्गत पर्सा देवाड क्षेत्रमा विद्युत् सेवा अवरुद्ध भएको विषयलाई लिएर स्थानीयवासीले केही समय सडक अवरुद्ध गरेका छन्। विद्युत् लाइनमा देखिएको खराबी समयमै मर्मत नगरिएको भन्दै स्थानीयले विरोध जनाएका थिए।



स्थानीयको विरोधपछि नेपाल विद्युत् प्राधिकरणले इन्जिनियर सहितको प्राविधिक टोली खटाई बिग्रिएको लाइन मर्मत तथा नयाँ तार जडानको काम थालेको थियो। मर्मत कार्य सुरु भएपछि स्थानीयले सडक अवरोध हटाएका छन्।

स्थानीयवासीका अनुसार अत्यधिक गर्मीका बेला पटकपटक विद्युत् आपूर्ति अवरुद्ध हुँदा बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीहरू बढी प्रभावित भएका छन्। विद्युत् सेवा नियमित र भरपर्दो बनाउन सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने उनीहरूको माग छ।

महोत्तरीसहित मधेशका विभिन्न जिल्लामा हाल अत्यधिक गर्मीका बीच विद्युत् आपूर्तिमा देखिएका समस्या र कम भोल्टेजका कारण कृषि सिँचाइ तथा दैनिक जनजीवन प्रभावित हुँदै गएको छ। यस्तो अवस्थामा विद्युत् पूर्वाधारको स्तरोन्नति र सेवा व्यवस्थापन प्रभावकारी बनाउन स्थानीयवासी तथा किसानहरूले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।

# विद्युत् आपूर्ति नियमित गर्न माग गर्दै सम्सी-गौशाला सडकखण्ड अवरोध

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २२ गते, बर्दिवास**

महोत्तरीको सम्सी गाउँपालिका-२ स्थित सम्सी-गौशाला सडकखण्डको पर्सा देवाड क्षेत्रमा विद्युत् आपूर्ति नियमित गर्न माग गर्दै स्थानीयवासीले गरेको सडक अवरोध हटाइएको छ।

विद्युत् लाइन समयमै मर्मत नगरिएको भन्दै स्थानीयवासीले सडक अवरुद्ध गरेका थिए। नेपाल विद्युत् प्राधिकरणको प्राविधिक टोली घटनास्थलमा पुगेर बिग्रिएको लाइन मर्मत तथा नयाँ तार ओछ्याउने कार्य सुरु गरेपछि स्थानीयवासी सडक खोल्न सहमत भएका हुन्।

नेपाल विद्युत् प्राधिकरण गौशाला वितरण केन्द्रका प्रमुख इन्जिनियर उमेशप्रसाद यादवले उक्त क्षेत्रमा जडान गरिएको पुरानो तारका कारण पटक-पटक विद्युत् आपूर्ति अवरुद्ध हुने समस्या देखिँदै आएको बताउनुभयो। उहाँका अनुसार प्राधिकरणको टोलीले समस्या समाधानका लागि मर्मत कार्यलाई तीव्रता दिएको छ भने नयाँ तार ओछ्याउने काम अन्तिम चरणमा पुगेको छ।

स्थानीयवासीले विद्युत् भार व्यवस्थापनका लागि थप ट्रान्सफर्मरको समेत माग गरेका छन्। सो मागका सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाइसकिएको प्रमुख इन्जिनियर यादवले जानकारी दिनुभयो।

स्थानीयवासीका अनुसार अत्यधिक गर्मीका बेला बारम्बार विद्युत् अवरुद्ध हुँदा बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीहरू बढी प्रभावित भएका थिए। पटक-पटकको समस्यापछि बाध्य भएर सडक अवरोध गर्नुपरेको उनीहरूको भनाइ छ।

विद्युत् लाइन मर्मत तथा स्तरोन्नतिको काम सुरु भएसँगै समस्या समाधान हुने विश्वास व्यक्त गर्दै स्थानीयवासीले सडक अवरोध हटाएका छन्। प्रहरीको समन्वयमा अवरुद्ध सडक पुनः सञ्चालनमा आएको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# विजय लघुवित्त वित्तीय संस्था लि.

**Vijaya Laghubitta Bittiya Sanstha Ltd.**

*Banking With Happiness*

केन्द्रीय कार्यालय : धुलिखेल ३, काभ्रेपलान्चोक
फोन नं : ०११-४९०६७१ / ०११-४९०६७२
E-mail: vlbs@vlbs.com.np
Website: https://vlbs.com.np

## कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सुचना प्रकाशित मिति : २०८३/०२/२३ गते, खबर दर्पण, राष्ट्रिय दैनिक, बर्दिबास**

यस विजय लघुवित्त वित्तीय संस्था लि.को विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा र ब्याज रकम शर्त बमोजिम यस वित्तीय संस्थामा समयमै दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी/नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले कर्जा भुक्तान गर्ने बारे यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न/बुझाउनु पर्ने बाँकी ऋणको साँवा र ब्याज भुक्तान गर्नुहुन सम्बन्धित ऋणीलाई यसै सूचना मार्फत सूचीत गरिन्छ। अन्यथा उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा यस वित्तीय संस्थाको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार यस वित्तीय संस्थाको लिन बाँकी रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही गर्न सकिने साथै ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचीकृत गरिने छ। धितो सुरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम कानुनी कारबाहीको प्रक्रिया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरूलाई यसै सूचनाद्वारा जानकारी गराउंदछौं

| क.स | कर्जा रहेको शाखा | ऋणीहरुको नाम | ठेगाना | | नागरिकताको बिवरण | | | तिन पुस्ते विवण | | | जमानीकर्ताको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | हालको | ना. प्र. नं | जारी मिति | जिल्ला | पति/पत्नीको नाम | बाबुको नाम | बाजेको नाम/ससुराको नाम | |
| १ | बर्दिवास ४४ | अनु भण्डारी | गौरीवास-६, महोत्तरी | गौरीवास-६, महोत्तरी | १८३०७५/९९८ | २०६३/११/२२ | महोत्तरी | तेज कुमार भण्डारी | केदार प्रसाद पहाडी | /पदम भण्डारी | प्रविण भण्डारी |
| २ | बर्दिवास ४४ | देवरानी कुमारी झाँ | जलेश्वर-४, महोत्तरी | जलेश्वर-४, महोत्तरी | १८-०१-७५-०१७७४ | २०७५/०२/२२ | महोत्तरी | प्रदिप कुमार चौधरी | मायानन्द झाँ मैथिल | /दिवाकर चौधरी | आकाश कान्त झाँ |
| ३ | बर्दिवास ४४ | सानु परियार | बर्दिवास-२, महोत्तरी | बर्दिवास-२, महोत्तरी | १८-०२-०७४/३३६ | २०७०/०९/१७ | महोत्तरी | श्याम परियार | जालिम सिँह परियार | /कुलुआ परियार | श्याम परियार |
| ४ | बर्दिवास ४४ | शिला देवी महतो | पशुपतीनगर-९, महोत्तरी | पशुपतीनगर-९, महोत्तरी | १८३०६२/७४२ | २०६३/११/११ | महोत्तरी | रामसेवक महतो | वलदेव महतो | /सुकन महतो | राम सेवक महतो |
| ५ | बर्दिवास ४४ | दिपिया देवि | हरिणमरी-२, महोत्तरी | हरिणमरी-२, महोत्तरी | १८३०६०/१२९४ | २०६३/११/०२ | महोत्तरी | राजवेन्द्र चमार | नथुनी चमार | /राम प्रगास महरा | अईल्हा देवी |
| ६ | बर्दिवास ४४ | दिल कुमारी | हाथिलेट-४, महोत्तरी | हाथिलेट-४, महोत्तरी | १८३०७२/२३६ | २०६३/१०/२५ | महोत्तरी | नरमान गोले तामाङ्ग | धनराज मोक्तान | /कृष्णामान गोले तामाङ्ग | नरमान गोले तामाङ्ग |
| ७ | बर्दिवास ४४ | रिना देवी साह सोनार | किसाननगर-८, महोत्तरी | किसाननगर-८, महोत्तरी | १८३०७३/१२४५ | २०६३/११/१० | महोत्तरी | सुरेन्द्र कुमार साह | रामपृत साह | /रामपृत साह सोनार | अर्जुन कुमार साह सोनार |
| ८ | बर्दिवास ४४ | सरिता कुमारी राई | ढल्केवर-५, धनुषा | ढल्केवर-५, धनुषा | १७१०९६/४८५ | २०६७/१२/३० | धनुषा | राजन बहादुर विश्वकर्मा | अमर बहादुर राई | /निर बहादुर विश्वकर्मा | सुनिल प्रसाद गैरे |
| ९ | बर्दिवास १०६ | ज्ञानी कुमारी लामा | निजगढ-६, बारा | बर्दिवास-१४, बारा | ६८०/६४२/०६४२ | २०६०/०९/२१ | बारा | मिम राज दर्लामी | लाल बहादुर लोपचन | /ईनक बहादुर दर्लामी | मिम राज दर्लामी |
| १० | बर्दिवास १०६ | डोल्मा माया वाईवा | डाडीगुरासे-८, सिन्धुली | बर्दिवास-११, सिन्धुली | २०-०१-७३-०६३३१ | २०७३/०९/०६ | सिन्धुली | जिवन कुमार वाइवा | सोनाम सिं योन्जन | /वावाजीत वाइवा | दावार्दोजे बम्जन |
| ११ | बर्दिवास १०६ | सुरेन्द्र बहादुर कार्की | लाम्वानटार-०१, सिन्धुली | लाम्वानटार-०१, सिन्धुली | ४६३५/३६०० | २०४४/१२/२९ | सिन्धुली | सुनिता कार्की | केशर बहादुर | प्रेम बिक्रम थापा | दिपेन्द्र बिक्रम थापा क्षेत्री |
| १२ | बर्दिवास १०६ | सुन्तली कार्की | गौरीवास-०१, महोत्तरी | बर्दिवास-०३, महोत्तरी | १८-२-०७४/२२५ | २०७०/०७/०८ | महोत्तरी | प्रेम बहादुर कार्की | निर बहादुर नेवार | /कृष्ण बहादुर कार्की | निल हरी गिरी |
| १३ | बर्दिवास १०६ | दुर्गा कुमारी लामा | कमलामाई-०७, सिन्धुली | मिथिला-०७, सिन्धुली | १६८९/७६७३ | २०५४/०८/११ | सिन्धुली | मणिराज वाइवा | बिष्णु मोहन शम्शेर तामाङ | /जित बहादुर वाइवा | ज्ञान लाल हेन्जन |
| १४ | बर्दिवास १०६ | ललिता देबी ठाकुर बरही | बेंगाडावर-०६, धनुषा | मिथिला-०९, धनुषा | १११८७०८५ | २०६३/०८/१७ | धनुषा | जय कुमार ठाकुर बरही | सोमन बरही | /बच्चा ठाकुर बरही | जय कुमार ठाकुर बरही |
| १५ | बर्दिवास १०६ | इन्दीरा कुमारी | यज्ञभूमि-३, धनुषा | यज्ञभूमि-३, धनुषा | १७१०५०/९१६ | २०६८/११/२१ | धनुषा | संजय कुमार मृडचिङ | दीलीप सिंह बल्मपाकी | /अम्बर बहादुर | संजय कुमार मृडचिङ |
| १६ | बर्दिवास १०६ | सबिता भुजेल | बर्दिवास-२, महोत्तरी | बर्दिवास-२, महोत्तरी | १८-०५-७४-०११२२ | २०७४/०६/२६ | महोत्तरी | जय कुमार राई | रोहित भुजेल | /ईश्वर बहादुर राई | जय कुमार राई |
| १७ | बर्दिवास १०६ | छोटी परियार | बर्दिवास-४, महोत्तरी | बर्दिवास-२, महोत्तरी | १८३०७४/१६३ | २०६३/११/०९ | महोत्तरी | अबिरमान दमाई | बलमान परियार | /मने दमई | सृजना परियार |
| १८ | बर्दिवास १०६ | पेची माया | हाथिलेट-४, महोत्तरी | बर्दिवास-८, महोत्तरी | १८३०७२/५०८ | २०६३/१०/२६ | महोत्तरी | फेकन यादव | बल बहादुर गलान तामाङ | /रामपुकार राय | बिमला कुमारी |
| १९ | बर्दिवास १०६ | दिलमाया कुमारी | बेगाडावर-५, धनुषा | मिथिला-९, धनुषा | १११८५०८७ | २०४४/११/१० | धनुषा | बल बहादुर वाइवा | उखलाल वाईवा | /छनजित वाइवा | बल बहादुर वाइवा |
| २० | बर्दिवास १०६ | नगिना देबी दास | मिथिला-६, धनुषा | मिथिला-६, धनुषा | १७-०१-७६-०३९७२ | २०७६/०२/३१ | धनुषा | मेघ दास कथबनिया | खेहरु दास | /भोला दास कथबनिया | मेघ दास कथबनिया |
| २१ | बर्दिवास १०६ | बिन्दा आले मगर | गौरिवास-२, महोत्तरी | बर्दिवास-३, महोत्तरी | १८३०७५/३७४ | २०६३/११/१३ | महोत्तरी | भीम बहादुर आले मगर | धन बहादुर रानामगर | /जित बहादुर मगर | जित बहादुर मगर |
| २२ | बर्दिवास १०६ | बिमला कुमारी बिश्वकर्मा | बर्दिवास-९, महोत्तरी | बर्दिवास-२, महोत्तरी | १८३०७४/८४७ | २०६३/११/०५ | महोत्तरी | राज कुमार बिश्वकर्मा | गोरवनाथ दर्नाल | /चन्द्र मान कामी | राज कुमार बिश्वकर्मा |
| २३ | बर्दिवास १०६ | सबिना परियार | बर्दिवास-९, महोत्तरी | बर्दिवास-२, महोत्तरी | १८३०७४/७९७ | २०६३/११/०५ | महोत्तरी | देव सिंह परियार | श्यामकृष्ण बिश्वकर्मा | /रामबहादुर दमै | देव सिंह परियार |
| २४ | बर्दिवास १०६ | शोभा बिश्वकर्मा | बर्दिवास-९, महोत्तरी | बर्दिवास-२, महोत्तरी | ०४९२७१२० | २०६३/१२/१५ | महोत्तरी | युवराज बिश्वकर्मा | दिल बहादुर बिश्वकर्मा | /मंगल बिश्वकर्मा | युवराज बिश्वकर्मा |
| २५ | ब्रह्मपुरी | हिना खातुन | त्रिभुवननगर-४, सर्लाही | त्रिभुवननगर-४, सर्लाही | १९१०/१४४० | २०७०/०३/१६ | सर्लाही | सदाउदिन भाट | मो. जाफर मिया | /मसलिम भाट | सदाउदिन भाट |
| २६ | ब्रह्मपुरी | रमिला देवी | चन्द्रनगर-८, सर्लाही | चन्द्रनगर-८, सर्लाही | १९-०१-७१-०९२३५ | २०७१/११/०४ | सर्लाही | घनशयाम सिह | रामचन्द्र सिंह दनुवार | /हुकुम सिंह | रन्जना कुमारी सिंह |
| २७ | ब्रह्मपुरी | अम्बिका कुमारी | चन्द्रनगर-८, सर्लाही | चन्द्रनगर-८, सर्लाही | १८६५२७९३ | २०६२/०१/२७ | सर्लाही | सुरेश कुमार साह | महेश महासेठ | /राम पुकार साह सुडी | सुरेश कुमार साह |
| २८ | ब्रह्मपुरी | फुलवती देवी कुर्मी | मलंगवा-९, सर्लाही | मलंगवा-९, सर्लाही | २९१७५३९६ | २०६३/०६/१६ | सर्लाही | रामवावु राउत कुर्मी | पराई राउत कुर्मी | /किसोरी राउत कुर्मी | धिरेन्द्र राउत कुर्मी |
| २९ | ब्रह्मपुरी | सलमा खातुन | त्रिभुवननगर-४, सर्लाही | ब्रह्मपुरी-४, सर्लाही | १९-०१-७०-००४१७ | २०७०/०४/३० | सर्लाही | तैयब राय भाट | इसाक राय | /जामुन राय | तैयब राय भाट |
| ३० | ब्रह्मपुरी | सरिता कुमारी सिंह | चन्द्रनगर-८, सर्लाही | चन्द्रनगर-८, सर्लाही | १९३०४२/५१२ | २०६३/११/२६ | सर्लाही | विजयानन्द सिंह | अबध सिंह दनुवार | /रुदल राय | जेबर देवी सिंह |
| ३१ | ब्रह्मपुरी | चन्दर कुमारी महरा | किसनपुर-२, सर्लाही | चन्द्रनगर-१, सर्लाही | १९-०१-७१-०१५८४ | २०७१/०२/२० | सर्लाही | प्रमोद महरा | हंसराज महरा | /किसुन महरा | प्रमोद महरा |
| ३२ | ब्रह्मपुरी | सलिमा खातुन | ब्रह्मपुरी-२, सर्लाही | ब्रह्मपुरी-२, सर्लाही | १९१०३७/४२ | २०६६/१२/१० | सर्लाही | कलाम अंसारी | ईसराजुल अंसारी | /फुलमहमद मिया | सहिमा खातुन |
| ३३ | डकाहा | सर्मिला घिसिङ्ग | सिर्थैली-९,सिन्धुली | सिर्थैली-९, सिन्धुली | २०३०४८/१५८ | २०६३/१२/२१ | सिन्धुली | गोपाल घिसिङ्ग | पृथ्वी बहादुर ब्लोन | सिंग दोर्जे घिसिगं तामाङ्ग | धिरण घिसिङ्ग |
| ३४ | डकाहा | गिता कुमारी वि.क. | दुधौली-४, सिन्धुली | दुधौली-४, सिन्धुली | २०१०४७/१७५/६८ ६६ | २०६५/०९/०४ | सिन्धुली | प्रेम बहादुर विश्वकर्मा | अनिराम कामी | चतुरमान कामी | प्रेम बहादुर विश्वकर्मा |
| ३५ | डकाहा | मन माया वि.क | दुधौली(०१ सिन्धुली | दुधौली(०१ सिन्धुली | २०-०१-७६-०५०२० | २०७६/०७/०८ | सिन्धुली | नर बहादुर गजमेर | टंक बहादुर कामी | पुक्ते कामी | कृष्ण माया वि.क |
| ३६ | डकाहा | लहरी कुमारी दनुवार | सिर्थैली-४,सिन्धुली | दुधौली(०४ सिन्धुली | २०८१/२५७८ | २०४६/०३/०८ | सिन्धुली | गंगा प्रसाद अधिकारी | सुखिया कुमर | सार्की अधिकारी | गंगा प्रसाद अधिकारी |
| ३७ | हरिवन | रहिमा खातुन | इश्वरपुर-५, सर्लाही | इश्वरपुर-५, सर्लाही | ९०८ | २०६३/१२/१४ | सर्लाही | कमरुल हक अंसारी | हफिज मियाँ अंसारी | /बलम हुसैन अंसारी | कमरुल हक अंसारी |
| ३८ | कमलामाई | जानकी कूमारी साह | हलखोरी-७, महोतरी | कमलामाई-५, सिन्धुली | १८३००४/१२० | २०७०/०२/२३ | महोतरी | मूकेश साह | राम पताप साह | राम दूलाल साह | मूकेश साह |
| ३९ | कमलामाई | फूरी मायम तामाङ | कमलामाई-८, सिन्धुली | कमलामाई-७, सिन्धुली | ११३०२३/२७९ | २०६३/११/१३ | सिन्धुली | जय बहादूर तामाङ्ग | मिङ्मार तामाङ | /लाल बहादूर तामाङ्ग | जय बहादूर तामाङ्ग |
| ४० | कमलामाई | होम कुमारी खडका | कमलामाई-६, सिन्धुली | कमलामाई-७, सिन्धुली | २०१०५४/३०५ | २०६६/११/२६ | सिन्धुली | सत्य बहादूर खडका | यज्ञ बहादूर दहाल | /दान बहादूर खडका | शर्मिला भूजेल |
| ४१ | पडौल | जहिरा खातुन | धमौरा-१, महोत्तरी | बलवा-९, महोत्तरी | १८-०१-७०/०६३३२ | २०७०/०७/०७ | महोत्तरी | इब्राहिम नदाफ | सकुर मियाँ | /इसुफ नदाफ | इब्राहिम नदाफ |
| ४२ | पडौल | जुमनी खातुन | बलवा-९, महोत्तरी | बलवा-९, महोत्तरी | १८-०१-७७-०३५०५ | २०७७/०८/०८ | महोत्तरी | रब्बानी खाँ | लतिफ खाँ | /रफिक खाँ | रब्बानी खाँ |
| ४३ | पडौल | लिलम कुमारी यादव | श्रीपुर-६, महोत्तरी | औरही-३, महोत्तरी | १००० | २०६३/१२/२६ | महोत्तरी | मिश्रीलाल यादव | विन्देश्वर राय | /विलास राय यादव | मिश्रीलाल यादव |
| ४४ | पडौल | रेणु कुमारी | मटिहानी-७, महोत्तरी | जलेश्वर-२, महोत्तरी | १८-०१-७५-११८११ | २०७५/१२/२७ | महोत्तरी | पपु पासमान | श्रीषदु पासमान | /राज कुमार पासमान | पपु पासमान |
| ४५ | पडौल | प्रमिला देवी | एकडाराटोल-७, महोत्तरी | औरही-३, महोत्तरी | १८२०५४/५६२ | २०६८/१२/२२ | महोत्तरी | भरत राय | राम पुकार यादव | /विन्देश्वर राय | भरत राय |
| ४६ | पडौल | सिता कुमारी | बलवा-८, महोत्तरी | बलवा-८, महोत्तरी | १८-०१-७५-०३७६६ | २०७५/०४/१४ | महोत्तरी | राम जिवन महतो | नरेश महतो कोइरी | /राजिन्दर महतो कोइरी | कमल कुमारी देवी |
| ४७ | पडौल | रीना देवी | बलरा-७, सर्लाही | बलरा-७, सर्लाही | १९३००२/४३२ | २०६३/१२/२९ | सर्लाही | राम कृपाल झा | जय हिन्द झा | /लक्ष्मण झा | राम कृपाल झा |
| ४८ | पडौल | नितु कुमारी मण्डल | सोममाई-८, महोत्तरी | जलेश्वर न.पा.-२, महोत्तरी | १८-०१-६९-०१३८५ | २०१२/१२/२९ | महोत्तरी | रोशन मण्डल | चण्देश्वर मण्डल | महेन्द्र मण्डल | रोशन मण्डल |
| ४९ | पडौल | सुनैना देवी | भवानीगँज-९, महोत्तरी | औरही.-९, महोत्तरी | १८३०५५/५५२ | २०६३/११/१२ | महोत्तरी | पदारथ मण्डल | भुटाई मँडल | /मोहित मण्डल | शिला देवी |
| ५० | पडौल | राजवती देवी महतो | सोनामाइ-९, महोत्तरी | औरही-९, महोत्तरी | १८-०१-७३-००४०७ | २०७३/०१/१४ | महोत्तरी | राम सिनेही महतो | राम सिनेही महतो | /रामकेवल महतो | राम सिनेही महतो |
| ५१ | पडौल | बबिता कुमारी देवी | धमौरा-८, महोत्तरी | बलवा-८, महोत्तरी | १८-३-०३७/६७८ | २०६३/१०/१३ | महोत्तरी | सरोज राउत कुर्मी | राम बाबु राउत | /श्री नारायण राउत कुर्मी | सरोज राउत कुर्मी |
| ५२ | पडौल | शहिदा खातुन | रामगोपालपुर-९, महोत्तरी | रामगोपालपुर-९, महोत्तरी | १८२०४९/१६५४ | २०७६/०६/१२ | महोत्तरी | अनवारुल नदाफ | नथुनी मिया मनसुर | /तसलिम नदाफ | अनवारुल नदाफ |
| ५३ | रामनगर | संगिता थापा | कमलामाई-४, सिन्धुली | रामनगर-१, महोत्तरी | २०१०५४/३३८७ | २०६८/०८/२२ | सिन्धुली | नबिन कुमार पौडेल | तिलक बहादुर थापा | /रामजी बहादुर क्षेत्री | नबिन कुमार पौडेल |
| ५४ | रामनगर | इन्दु देवी | सोनामाई-९, महोत्तरी | रामनगर-५, महोत्तरी | १८१०५५/४१३ | २०६९/०३/१३ | महोत्तरी | अजय मण्डल | अर्जुन मण्डल | /ईन्द्र मण्डल | अजय मण्डल |
| ५५ | रामनगर | विना यादव | पर्सा-५, सर्लाही | गौशाला-५, महोत्तरी | १९-०१-७४-०८७९१ | २०७४/०८/१८ | सर्लाही | लालबाबु राय यादव | जगदशि राय यादव | /कपिलदेव राय यादव | लालबाबु राय यादव |

# ६ दशकपछि गौशाला-रजखोरका ३४ परिवारले पाए लालपुर्जा

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**जेष्ठ २२ गते, महोत्तरी**

महोत्तरीको गौशाला नगरपालिका-४ रजखोरका ३४ परिवारले करिब ६ दशकको प्रतीक्षापछि जग्गाधनी दर्ता प्रमाणपूर्जा (लालपुर्जा) प्राप्त गरेका छन्।

नापी कार्यालय महोत्तरी, जलेश्वरको २ नम्बर नापी टोलीले गाउँ ब्लक क्षेत्रको नापजाँच तथा आवश्यक कानुनी प्रक्रिया पूरा गरेपछि शुक्रबार आयोजित कार्यक्रममा ती परिवारलाई लालपुर्जा वितरण गरिएको हो। वर्षौंदेखि जग्गाको स्वामित्वको आधिकारिक प्रमाणबाट वञ्चित स्थानीयवासीले लालपुर्जा प्राप्त गरेपछि खुसी व्यक्त गरेका छन्। कार्यक्रमका प्रमुख अतिथि तथा प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतोले स्थानीयवासीको दशकौंदेखिको लालपुर्जाको मागलाई चुनावी अभियानकै क्रममा आफूले सुनेको स्मरण गर्दै निरन्तर पहल र समन्वयका कारण लालपुर्जा वितरण सम्भव भएको बताउनुभयो। उहाँले बाँकी रहेका योग्य नागरिकलाई पनि क्रमशः लालपुर्जा उपलब्ध गराइने जानकारी दिनुभयो।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले नेपालमा प्रारम्भिक जग्गा नापजाँचका क्रममा बस्ती क्षेत्रलाई 'गाउँ ब्लक'का रूपमा छाडिएकाले धेरै नागरिक लालपुर्जाबाट वञ्चित भएको उल्लेख गर्नुभयो। राज्यले अहिले गाउँ ब्लक क्षेत्रको नापजाँच तथा लालपुर्जा वितरणलाई अभियानका रूपमा अघि बढाएको भन्दै उहाँले योग्य सबै नागरिकलाई चरणबद्ध रूपमा लालपुर्जा उपलब्ध गराइने बताउनुभयो।

उहाँका अनुसार लालपुर्जा प्राप्तिसँगै नागरिकले आफ्नो सम्पत्तिमाथिको कानुनी अधिकार सुनिश्चित गर्न, बैंकिङ कारोबार गर्न तथा सम्पत्तिको औपचारिक उपयोग गर्न सहज हुनेछ। जनप्रतिनिधि, नापी, मालपोत र प्रशासनबीचको समन्वयले अभियानलाई थप प्रभावकारी बनाएको उहाँको भनाइ थियो।

गौशाला नगरपालिकाकी उपप्रमुख रेणु कुमारी महतोले लालपुर्जा प्राप्त गर्ने परिवारलाई बधाई दिँदै छुटेका नागरिकलाई धैर्य गर्न आग्रह गर्नुभयो। कानुनी प्रक्रिया पूरा भएपछि योग्य सबैले लालपुर्जा प्राप्त गर्ने विश्वास व्यक्त गर्दै उहाँले उक्त दस्तावेज सुरक्षित राख्न आग्रह गर्नुभयो।

भूमि सुधार तथा मालपोत कार्यालय महोत्तरीका प्रमुख दीपेन्द्रकुमार झाले करिब ६० वर्षपछि नागरिकले आफ्नो जग्गाको आधिकारिक स्वामित्व प्रमाण प्राप्त गरेको बताउनुभयो। उहाँले लालपुर्जा पुस्तौँदेखि भोगचलन गर्दै आएको घरघडेरी तथा बसोबास क्षेत्रको स्वामित्व प्रमाणित गर्ने महत्वपूर्ण कानुनी दस्तावेज भएकाले यसको संरक्षण र सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो।

नापी कार्यालय महोत्तरीका प्रमुख राजु कुमार सुबेदीले गाउँ ब्लक क्षेत्रका जग्गाको नापजाँच, दाबी-विरोधको निरूपण तथा आवश्यक प्रक्रिया पूरा गरी पहिलो चरणमा ३४ परिवारलाई लालपुर्जा वितरण गरिएको जानकारी दिनुभयो। बाँकी रहेका योग्य लाभग्राहीलाई पनि क्रमशः लालपुर्जा उपलब्ध गराइने उहाँले बताउनुभयो।





गौशाला नगरपालिका-४ का वडा अध्यक्ष रामनारायण महासेठले वडावासीको दशकौं पुरानो समस्या समाधानतर्फ महत्वपूर्ण उपलब्धि हासिल भएको उल्लेख गर्दै छुटेका नागरिकलाई पनि लालपुर्जा उपलब्ध गराउन पहल जारी रहने जानकारी दिनुभयो।

लालपुर्जा प्राप्त गर्ने स्थानीय बेचन साही र किशोरी दासले वर्षौंदेखिको प्रतीक्षा अन्त्य भएको प्रतिक्रिया दिएका छन्। लालपुर्जा प्राप्तिसँगै आफ्नो जग्गामाथिको कानुनी स्वामित्व स्थापित भएको र सरकारी सेवा-सुविधा प्राप्त गर्न सहज हुने उनीहरूको भनाइ थियो।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक श्यामकुमार सारुमगर, राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तरीका उपअनुसन्धान निर्देशक चन्दन झा, नापी टोली प्रमुख शत्रुधन यादव, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, पत्रकार तथा स्थानीयवासीको सहभागिता रहेको थियो।

लामो समयदेखि स्वामित्व प्रमाणपत्रविहीन अवस्थामा बसोबास गर्दै आएका परिवारले लालपुर्जा प्राप्त गरेपछि राज्यप्रतिको विश्वास थप बलियो भएको बताएका छन्। साथै, बाँकी रहेका गाउँ ब्लक क्षेत्रका नागरिकलाई पनि यथाशीघ्र लालपुर्जा उपलब्ध गराउन सम्बन्धित निकायसँग माग गरेका छन्।

# सन्ततिको भविष्य सुरक्षित गर्न बृक्षको संरक्षण र रोपण जरुरी"

**खबर दर्पण समाचारदाता**
**जेठ २२ गते, जनकपुरधाम**

जनकपुरधाम, जेष्ठ २२। बिश्व वातावरण दिवस जनकपुर धाममा विभिन्न कार्यक्रमको आयोजना गरि मनाईएको छ। "समृद्ध भविष्यको आधार : जलवायु एवं प्रविधिमैत्री विकास" मूल नरा सहित विभिन्न कार्यक्रमहरु धनुषामा आयोजना गरिईएको हो।

यसै अवसरमा मधेश प्रदेशका वन तथा वातावरण मन्त्रालय र डिभिजन वन कार्यालयको संयुक्त आयोजनामा जनकपुर धामको वडा नं २३ मा विन्धि अन्तर्गत पर्ने प्रस्तावित रामायण सर्किटको रामजानकी मार्गमा विभिन्न जातका विरुवा रोपी आज मनाईएको हो।

राजमार्ग शौन्दर्यीकरण गर्ने जातहरुमा कणेर, बगनबेलिया, करवीर, कलकी, टिकोमा र सौन्दर्यमुलक प्रजातीका बिरुवाहरु सो मार्गमा रोपिएको छ। पृथ्वीको भविष्य सुरक्षा गर्नका लागि हरेक व्यक्तिले विरुवा रोप्न जरुरी रहेकोमा सहभागि विज्ञहरुले जोड दिनु भयो।

सडक शौन्दर्यीकरण तथा हरियालीकरण गर्नका लागि रोपिएको विरुवाको संरक्षण जनकपुरधाम वडा नं २३ का वडाध्यक्ष राघवेन्द्र साहले गर्ने प्रतिबद्धता सो अवसरमा व्यक्त गर्नु भयो। सोही कार्यक्रममा वन प्राविधिक समाजले फोहर संग्रह तथा व्यवस्थित व्यवस्थापनका लागि केही थान डस्टविन प्रदान गरेको छ।

प्रस्तावित रामजानकी मार्ग सौन्दर्यीकरण र पर्यावरणीय हरित मार्गको रुपमा बिकास गर्ने उद्देश्यले बनौली मोड देखि दुधमती नदि पुलसम्म डिभाइडर मा विभिन्न जातका विरुवाहरु रोप्ने काम भएको वातावण संरक्षण अभियानी सुरेश शर्माले जानकारी दिनु भयो।

कार्यक्रममा वन तथा वातावरण मन्त्री शंकर चौधरीले भावी सन्ततिको जीवन रक्षा गर्न तथा वातावरणवाट परिरहेको प्राकृतिक विनाश रोक्नका लागि हरेकले बृक्षा रोपण गर्न जरुरी रहेको बताउनु भयो।

कार्यक्रममा मन्त्रालयका सचिव जीवनाथ पौडेल, डिभिजन वन कार्यालयका प्रमुख वन अधिकृत विनोद सिंह, वडाध्यक्ष राघवेन्द्र साह, जनकपुरधाम वन प्राविधिक समाजका अध्यक्ष सुदिप मण्डल, महासचिव सुरेश शर्मा सहितका अभियानी र विन्धि माविका विद्यार्थीहरु सहभागि रहनु भएको थियो।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,